फोन.:-०९१-५८०१०१

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

# मोहना नदीमा माछा मार्ने ठेक्काको सिलबन्दी दरखास्त आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति :-२०७८।०६।०६)

यस नगरपालिकाको मिति २०७८।०६।०५ गतेको निर्णय अनुसार भजनी नगरपालिका अन्तर्गत पर्ने नेपाल-भारतको सिमाना भएर बग्ने मोहना नदीको नेपाल तर्फको भागमा माछा मार्ने कार्यको सिलबन्दी ठेक्का बढाबढ मार्फत आ.ब.२०७८/०७९ का लागि ठेक्कामा लगाउने निर्णय भएकाले देहायका शर्तहरुको अधिनमा रही सिलबन्दी बढाबढ प्रक्रियामा सहभागी हुन् सम्बन्धीत सबैको जानकारीका लागि यो दरखास्त आव्हानको सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| क्र.स. | ठेक्का नं. | ठेक्काको नाम | ठेगाना | बार्षिक न्यूनतम अंक रकम रु. | सिलबन्दी फाराम दस्तुर | कै |
|---|---|---|---|---|---|---|
| १ | ०१/२०७८-०७९ | मोहना नदीको नेपाल तर्फको भागमा माछा मारी बिक्रीवितरण गर्ने | कैलारी गाउँपालिका र भजनी न.पा.को सिमा, भजनी न.पा. वडा न. ७ को हिम्मतपुर देखी– भजनी न.पा. वडा न. ३को कनरा र मोहना नदीको संगमस्थल सम्म | १,३९,०००/- | १,०००/- | |

**शर्तहरु:**

१.सिलबन्दी दरखास्त फाराम सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखाबाट नगद रु. १,०००/- (अक्षेरुपी एक हजार मात्र) दस्तुर (पछि फिर्ता नहुने) बुझाई ८ औं दिन दिनको १२:०० बजे सम्म भजनी नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्नु पर्नेछ। उक्त सिलबन्दीहरु सोही दिन दिनको २:००बजे भजनी स्थित सरकारी कार्यालयका प्रतिनिधि र शिलबन्दी दरखास्त दाताहरुको रोहवरमा नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ । दरखास्त दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी दरखास्त खोल्न बाधा पर्ने छैन।

२.शिलबन्दी दरखास्त खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू क्रमश: लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।

३.व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र संघ, संस्थाको हकमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि (नविकरण सहित), मु.अ. कर, स्थायी लेखा नं.(पान न ) र आ. व. २०७७/०७८ सम्मको कर चुक्ता भएको प्रमाणपत्र लगायतका सम्पूर्ण कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न राख्नु पर्नेछ।

४.शिलबन्दी दरखास्त खाम बाहिर भजनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित ठेक्काको नाम लेखि दरखास्त दाताको नाम र ठेगाना समेत उल्लेख गर्नु पर्नेछ।

५. दरखास्त दाताले कबोल गरेको दररेट अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ।

६.ठेक्का प्रक्रियामा भाग लिन चाहने दरखास्तदाताले नगरपालिकाले निर्धारण गरेको वार्षिक न्युनतम रकमको नेपाली नागरिक भए ५(पांच) प्रतिशत र गैर नेपाली नागरिक भएमा १०(दश) प्रतिशत धरौटी रकम यस कार्यालयको नाममा रा.बा. बैंक भजनी शाखामा रहेको धरौटी खाता नं.४१५०१००३०३००००२ मा जम्मा

२०७८।०६।०६

... राज विनाडी
प्रमुख प्रशासकीय अधिकृत

गरेको सक्कलै बैंक भौचर संलग्न राखि पेश गर्नुपर्नेछ।

७. वार्षिक कबोल रकम ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र बैंक खातामा दाखिला गरी पट्टा उठाउनु पर्नेछ।

८. ठेक्का अवधि ठेक्का स्वीकृत भएको मिति देखी २०७९ अषाढ मसान्तसम्मको हुनेछ।

९. प्रचलित नियमानुसार कालो सूचीमा नपरेको र नगर कार्यपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता नभएको स्वघोषणा गर्नुपर्ने छ | कालोसूचीमा परेका र नगर कार्यपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको सिलबन्दी दरखास्त पत्र उपर कुनै कारवाही हुने छैन ।

१०. म्याद नाघी आएको, रीत नपुगेको, शर्त राखिएको सिलबन्दी दरखास्त पत्र उपर कुनै कारवाही गरिने छैन।

११. पेश भएको सिलबन्दी दरखास्त पत्र स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१२. यसमा उल्लेख नभएको विषयको हकमा रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२०, स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित कानून बमोजिम हुनेछ।

१३. ठेकेदारले जैविक विविधतामा असर पर्ने(नदीमा बिषादी, बिद्धुतीय उपकरण) र जलचर प्राणी डल्फिनलाई असर पर्ने गरी कुनै कार्य गर्न पाइने छैन।

१४. सुचनाको सम्बन्धमा थप जानकारी आवश्यक भएमा यस कार्यालयको राजश्व शाखाबाट प्राप्त गर्न सकिनेछ।

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

(धर्मराज विनाडी)
प्रमुख प्रशासकीय अधिकृत

धर्म राज विनाडी
प्रमुख प्रशासकीय अधिकृत